# भाग : एक
# परिचय

**१ भुमिका :**

विराटनगर उप-महानगरपालिका नेपालका पाचँ विकास क्षेत्रमध्ये पुर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चल, मोरङ जिल्लामा अवस्थित छ । मोरङ जिल्लाको दक्षिण पश्चिम सिमानामा रहेर भारतको जोगवनी नाकासंग जोडिएको यो नगर देशकै ठुलो सहर तथा पुर्वाञ्चलको औद्योगिक, ब्यापारिक तथा प्रशासनिक केन्द्रको रुपमा समेत परिचित छ । पुर्वमा सिंगियाही खोला, पश्चिममा केशलीया खोला, उत्तरमा टंकीसिनूवारी गाउं बिकास समिति र दक्षिणमा भारतको सिमानासंग जोडिएको यो नगर ६९.६ बर्ग किलोमिटर क्षेत्रफल ओगटेर समतल भु-भागमा फैलिएको छ भने स्थानीय नगरबासीहरुलाई सर्वसूलभ ढंगबाट सेवा सूबिधा उपलब्ध गर्न गराउन भौगोलिक रुपमा जम्मा २२ वटा वडाहरुमा बिभाजन गरिएको छ ।

बिगत एक दसककमा यस उप-महानगरपालिका को जनसख्यांको क्रमस २०५८ सालमा १,६६,६७४, २०६४ को नगरप्रोफाईल अनुसार १,८०,१३८ र २०६८ को जनगणना बमोजिम २०१,१२५ रहेको पाईन्छ । जसमा पछिल्लो तथ्यांक अनुसार महिलाको जनसंख्या ९९,१७६ र पुरुषको १०१,९४९ रहेको पाइन्छ यस तथ्यांकको आधारले गएको दस बर्षमा यस उपमहानगरपालिकाको जनसख्यां ३४,४५१ ले बृद्धिभएको देखिन्छ । त्यसैगरि २०५८ मा घरधुरी संख्या ३३,६७८ रहेकोमा २०६८ को जनगणना बमोजिम बिराटनगर उपमहानगरपालिकामा ४५,१३१ घरधुरीहरु रहेका छन् ।

**तालिका नं. १ : उपमहानगरपालिकामा रहेको जनसख्यांको वार्डगत बिवरण**

| वार्ड नं. | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | २८३८ | ५८९७ | ६०३१ | ११९२८ |
| २ | १२०४ | २५५६ | २५८४ | ५१४० |
| ३ | ११८७ | २४१६ | २३५८ | ४७७४ |
| ४ | ४२३८ | ७८२४ | ८२७८ | १६००२ |
| ५ | ३४५५ | ७६७३ | ७३७३ | १५३४६ |
| ६ | ३३७४ | ७५२० | ७३६० | १४८८० |
| ७ | ३४४५ | ९१५४ | ८५९४ | १७७४८ |
| ८ | २८८ | ७८१ | ६८१ | १४६२ |
| ९ | ३८३ | १०२४ | ८७९ | १९०३ |
| १० | १३५७ | २४६३ | २५४१ | ४९७७ |
| ११ | ३१५१ | ७१४० | ६७४० | १३८८० |
| १२ | ८०१ | २२७१ | २१८७ | ४४५८ |
| १३ | २९६४ | ६३०० | ५९९५ | १२२९५ |
| १४ | ५४६ | १४३६ | १३५१ | २७८७ |
| १५ | ३१३९ | ६५६० | ६२३२ | १२७९२ |
| १६ | ३६६० | ८०३३ | ७६६४ | १५६९७ |
| १७ | १६१९ | ३४३६ | ३२६५ | ६७०१ |
| १८ | २०९४ | ५५८२ | ५३२८ | १०९१० |
| १९ | १६१८ | ३९७६ | ३८७३ | ७८४९ |
| २० | १३७६ | ३२३७ | ३३०० | ६५३७ |
| २१ | ९३३ | २४४७ | २२१९ | ४६६६ |
| २२ | १४४१ | ४२५० | ४१४३ | ८३९३ |
| जम्मा | ४५,१३१ | १०१,९४९ | ९९,१७६ | २०१,१२५ |

**श्रोत : के.त.वि.२०६८**

## १.१. भौगोलीक बिकास :

सहरीकरण मूख्य गरी भौतिक पुर्वाधारको विकास, आर्थिक, ब्यापारिक तथा औद्योगिक विकास लगायत निश्चित बिषय बस्तूमा विशेषज्ञता र विशेषता सहितको सामाजिक विकासमा आधारित हूने गर्दछ । आधुनिक प्रबिधिमा आधारित बस्तु वा सेवाहरुको उत्पादन र बितरण, वैज्ञानिक पद्धतिमा आधारित श्रम बिभाजन, उच्च तहको आर्थिक विकास र कारोवार, बिभिन्न जातजाति, धर्म, पेशा, लिङ र वर्गमा आधारित घना बसोबास सहितको सामाजिक संरचना सहरी बिकासका आधारशीला हुन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ का आधारमा नेपालका शहरहरुलाई जनसंख्याको आकार, बार्षिक आम्दानी, बाटो, नाला, ढलसहितको भौतिक पुर्वाधार र संरचनाहरुको अवस्था, आवास सुबिधा , स्वास्थ्य सूविधाका साधन, श्रोत, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद मैदान, पर्याप्त शैक्षिक संस्थाहरुको ब्यवस्था लगायतका बस्तु र सेवा सुबिधाहरुको आधारमा महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाहरुमा बर्गीकरण गरिएको छ । सेवा सुविधाहरुको उपलब्धता सहज र ब्यवस्थित भए पनि शहरी जीवन बढी खर्चिलो र दैनिक गुजारा टार्ने हिसाबले चूनौतिपुर्णं रहेको हुन्छ । सहरमा बस्ने अधिकांस मानिसहरु आफ्नो दैनिक गुजारा टार्न उपलब्ध समयलाई प्रयोग गर्दै श्रमका बिभिन्न क्षेत्रहरुमा संलग्न भएको पाईन्छ । विराटनगर उप-महानगरपालिका क्षेत्रको हकमा मुख्य गरी औद्योगिक, ब्यापारिक तथा कृषिमा आधारित ब्यवसाय र पेशाहरुले प्रमूखता पाएको देखिन्छ । बिश्व अवधारणा अनुसार कुनै पनि सहर त्यतिखेर मानव बसोबास योग्य रहेको ठहदर्छ जतिखेर उक्त सहर वातावरणीय शुद्धता, आर्थिकरुपले सक्षम र सामाजिक समानता आवास अधिकारको हिसाबले दिगो बिकासमा आधारित रहेको हुन्छ ।

स्थानीय निकायको हैसियतमा विराटनगर उप-महानगरपालिकासंग पनि केन्द्र सरकारको प्रत्यक्ष जिम्मेवारीबाट टाढा रहेका आफ्ना नगरबासीहरुका आधारभुत आवश्यकताहरुको सहज र सरल परिपुर्तितर्फ महत्वपुर्ण जिम्मेवारी रहेको छ । स्थानीय निकायहरुले स्थानीय तहमा गरिने भौतिक पुर्वाधार विकास, प्राकृतिक, सांस्कृतिक तथा पौराणिक चिज बस्तूहरुको संरक्षण र सम्बर्धन लगायत मानव कल्याण र सेवासंग सम्बन्धित कार्यहरुलाई विकाससंग सम्बन्धित, सेवासंग सम्बन्धित र नियन्त्रणसंग संबन्धित गरी मूख्य तीन भागमा बिभाजन गरेर हेर्ने गर्दछन् । योजनाबद्ध बिकासका लागि स्थानीय निकायहरुले क्षमताका आधारमा सबै तहका नगरबासीहरुको सहभागिता र पहूंचलाई प्रथम प्राथमिकतामा राखी उल्लेखित विषयहरुसंग संबद्ध कार्यक्रम सञ्चालन गर्नूपर्दछ । नगर बिकासका स्थापित उद्धेश्यहरुलाई निश्चित समयावधिभित्र त्यतिखेर मात्र पुरा गर्न सकिन्छ जतिखेर स्थानीय श्रोत र साधनहरुको समूचित बाडफांड र उपयोगका लागि क्षमता विकासका साथ साथै निर्णय गर्न पाउने अधिकारमा समेत स्थानीय जनताहरुको सहज पहुंच पुग्दछ ।

नेपालको ऐतिहासिक तथ्याङलाई केलाएर हेर्दा प्रजातन्त्रको स्थापना संगसंगै नेपाली जनताको सामाजिक र आर्थिक जीवनस्तर माथि उठाउन योजनाबद्ध विकासका कार्यक्रमहरु सञ्चालनमा आएको पाईन्छ तथापि आजसम्म पनि गरिबी हाम्रो साम्‍ू प्रमूख चूनौतिको रुपमा रहिरहेको छ । बर्तमान स्थानीय स्वायत्त शासन ऐनमा समेत बिकासका सम्पुर्ण क्षेत्रमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका बर्गसमेतका समग्र जनताको सहभागितालाई प्रमूख प्राथमिकता दिंदै विकेन्द्रिकरणको माध्यम र संस्थागत विकासको आधारमा स्थानीय नेतृत्वको विकास गरी आफ्नो क्षेत्रको विकासका लागि साधनको परिचालन, बिनियोजन, प्रतिफलको उपयोग, जवाफदेहिता लगायत नागरिकहरुका दैनिक आवश्यकताहरुको परिपुर्ति र जीवनस्तरको बारेमा आफै निर्णय गर्न पाउने पद्धतिको विकासका साथै प्रजातन्त्रको फल सबै जनताले समान रुपमा उपभोग गर्न पाउनू पर्ने ब्यवस्था मिलाउने कूरालाई विषेश रुपमा जोड दिईएको छ । नेपालको बर्तमान अन्तरिम संबिधानमा समेत शक्ति र श्रोतको बांडफांड र उपयोग, संस्थागत संरचनाको विकास, नागरिक समाजमा आधारित जनताको सहभागिता, स्थानीय नेतृत्वको विकास, स्थानीय क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता जस्ता कूराहरुलाई राष्ट्र विकासको मूलभुत सिद्धान्तका रुपमा स्विकारिएको अवस्था रहेको छ ।

विश्वको अनूभवलाई केलाएर हेर्दा बिबिधतामा आधारित नेपालको सामाजिक संरचनालाई समानतामा आधारित सामाजिक र आर्थिक विकासले मात्र गरिबीबाट मुक्त गराउन सक्दछ । विराटनगरको अवस्थालाई केलाएर हेर्दा आजसम्म पनि यस नगरको दूर्गम क्षेत्रमा बसोवास गर्ने नागरिकहरुको ठुलो हिस्सा न्युनतम सहरी सेवा, अवसर र सूविधाबाट टाढा रहेको पाईन्छ । तिनीहरु अहिले पनि परम्परागत जीवनशैलीमा बाच्न बाध्य छन् । प्रजातन्त्रको प्रतिफल सबैले समान उपभोग गर्न पाउनुपर्ने संबैधानिक र कानुनी व्यवस्था हूंदाहूंदै पनि महिला, दलित, आदिबासी, जनजाति लगायतका जनताले निर्माण विकासका कार्यको मूलधारबाट आफुहरु अलग रहनु परेको महसूस गरिरहेका छन् ।

## १.२. भौतीक बिकास :

बिभिन्न चूनौतिहरुको बाबजूद पनि अनगिन्ति संभावनाहरु त्यही ठाउंमा लूकेर बसेका हून्छन् यिनै संभावनाहरुको खोजी र पहिचान गरी सहरी गरिबी न्युनीकरण कार्यलाई न्यूनतम आर्थिक लगानीमा समेत सफलतम् ढंगबाट अगाडि बढाउन एकीकृत र सहभागितात्मक रुपमा धेरै कार्ययोजनाहरु सञ्चालन गर्न सकिने हून्छ । उदाहरणका लागि, बिना आर्थिक लगानी गरिबी न्युनीकरणको क्षेत्रमा अहम् भुमिका निर्वाह गर्न सकिने पाटो भनेको गरिब र धनी बीचको संबन्धमा गूणात्मक सूधार ल्याउनू तथा जसको हातमा शक्ति र श्रोत छ त्यसले सहज ढंगबाट आफुसंग रहेको शक्ति र श्रोतलाई गरिब तथा पिछडिएको बर्ग र समूदायको हितमा प्रत्क्षेपण, प्रयोग र बिस्तार गरिदिनू हो । यस्ता खाले धेरै उदाहरणहरु हून सक्दछन जून समाजमा बिद्यमान छन् तर लूकेर बसेका छन्, जसको खोजी र प्रयोगले गरिबी न्युनीकरणमा ठुलो टेवा र बल पूग्दछ । तसर्थ विराटनगर उप-महानगरपालिकाले माथि उल्लेख गरिएको अलावा बर्तमान अवस्थामा गरिबी न्युनीकारण लगायत सम्पुर्ण नगरबासीहरुको जीवनस्तरमा गूणस्तरीय परिवर्तन ल्याउन स्थानीय श्रोत र साधनहरुको खोजी, विकास र अधिकतम उपयोगमा सर्वसाधारण नागरिकको सहभागितालाई सूनिश्चि गर्दै नीति, नियम र योजनाहरुको तर्जूमा तथा कार्यान्वियन गर्नूपर्ने देखिन्छ ।

जनसंख्या बृद्धि संगसगै सिमित स्रोत र साधनका कारण विराटनगर लगायत नेपालका अधिकांश शहरहरु बिद्यमान चूनौतिहरुको सहज सामना गर्न सकिरहेका छैनन् । आन्तरिक द्वन्द्व लगायत सेवा, सूबिधा र रोजगारीको आशामा ग्रामीण तथा साना शहरका जनताहरुको ठुला शहर प्रवेश प्रतिको आकर्षणले समेत जनसंख्या बृद्धिलाई दिन प्रतिदिन उच्च गतिमा डोऱ्याईरहेको छ । बर्तमान अवस्थाबाट नै यस्ताखाले चूनौतिहरुको सामाधानको बाटो स्थायी रुपमा निर्धारण र कार्यान्वियन नगरे भविष्यमा स्थानीय निकायहरुलाई सेवा प्रवाहका क्षेत्रमा अझ ठुलो समस्या थपिन जाने देखिन्छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित पार्नू, भौतिक संरचनाहरुको यथोचित विकास गर्नू, शिक्षा, स्वास्थ्य, नगर-यातायात, वातावरण, फोहरमैला व्यवस्थापन, पर्यटन, सफा र शूद्ध पिउने पानीको समूचित विकास र ब्यवस्थापन, रोजगारमुलक क्षेत्रहरुको विकास र बिस्तार लगायत गरिवीको रेखामूनि रहेका तथा आफ्नो हक अधिकार बारे जानकारी नभएका साथै राजनैतिक तथा प्रशासनिक क्षेत्रमा पहूंच पूऱ्याउन नसकेका नगरबासी जनसाधारणको हक अधिकारको संरक्षरण र सम्बर्धन गर्नू जस्ता गरिवी न्युनीकारणका यावत कार्यहरुमा केन्द्रिकृत भएर बर्तमान नगरपालिकाहरुले आफ्ना आवधिक तथा बार्षिक योजना तर्जूमा लगायत कार्यक्रमहरु मार्फत सम्बोधन गर्नू पर्दछ ।

## १.३ जातजाति :

बिराटनगर उप-महानगरपालिकामा भित्र ८४ मुख्य जातजाति र कैयौ भाषा भाषिको समिश्रण रहेको पाईन्छ । दश मुख्य जातजाति ब्राम्हण , क्षेत्री , मुस्लिम , नेवार , यादब , केवट , धानुक , मारवाडि , तेली र राजवंशीले ६५ प्रतिशत भन्दा माथि ओगटेका छन् । ब्राम्हणका मात्रा २०.८ प्रतिशत हिस्सा रहेको छ भने अन्यको क्रमश : क्षेत्री १०.० प्रतिशत , मुस्लिम ९.२ प्रतिशत , नेवार ५.३ प्रतिशत , यादव ४.१ प्रतिशत , केवट ३.९ प्रतिशत , धानुक ३.७ प्रतिशत , मारवाडि ३.२ प्रतिशत , तेली ३.० प्रतिशत र राजवंशि २.८ प्रतिशत रहेका छन् ।

## विराटनगर उपमहानगरपालिकाको जातजातिगत विवरण प्रतिसतमा

| क.स. | जातजातिहरु | प्रतिशत |
|---|---|---|
| १ | ब्राम्हण | २०.१ |
| २ | क्षेत्री/ठकुरी | ९.५३ |
| ३ | मुसलमान | ८.६१ |
| ४ | नेवार | ६.८ |
| ५ | यादव | ५.३६ |
| ६ | मरवाडी | ३.५५ |
| ७ | गुरुङ्ग/मगर/तामाङ्ग | ३.०८ |
| ८ | थारु | २.६२ |
| ९ | राजवंशी | २.५४ |
| १० | सुडी | २.७९ |
| ११ | मल्ल | २.४५ |
| १२ | तेली | २.२३ |
| १३ | कायस्थ | २.०३ |
| १४ | राई/लिम्बु | २.२३ |
| १५ | वँनिया | १.५१ |
| १६ | अन्य/धोवी/थकाली | २४.८८ |
| | जम्मा | १००.०० |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०६८

### १.४ धर्म :

बिराटनगर उप-महानगरपालिकामा धर्मको आधारमा हिन्दु धर्मालम्वीहरुको वाहुल्यता रहेको पाईएको छ । हिन्दु धर्म मान्ने जनसंख्या करिब ९० प्रतिशत रहेको छ भने वौद्ध ०.९ प्रतिशत ,इस्लाम ९.१ प्रतिशत , इसाइ ०.२ र अन्य धर्म मान्ने जनसंख्या ०.३ प्रतिशत रहेको छ भने त्यसपछि हिन्दु धर्मको बाहुल्यता रहेको देखिन्छ । बिराटनगर उप-महानगरपालिकामा जम्मा हिन्दुहरुको संख्या १६११२ रहेको छ । जसमा पुरुषको संख्या ८४१०२ र महिलाको संख्या ७७०२७ रहेको छ , वौद्धहरुको घरपरिवार संख्या ३७६ रहेको छ । जम्मा संख्या १५९२ रहेको छ । जसमा पुरुषको संख्या ८०० र महिलाको संख्या ७९२ रहेको छ , इस्लामहरुको संख्या १६४३८ रहेको छ जसमा पुरुषको संख्या ८६३९ र महिलाको संख्या ७७९९ रहेको छ । ईसाइहरुको संख्या ३९८ रहेको जसमा पुरुषको संख्या २१६ र महिलाको संख्या १८२ रहेको छ र अन्य धर्म मान्नेको संख्या १८०१३८ रहेको जसमा पुरुषको संख्या ९४०७५ र महिलाको संख्या ८६०६३ रहेको छ ।

| धर्म | घरपरिवार संख्या | औसत घरपरिवार आकार | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| हिन्दु | ३५०१५ | ४.६ | १६११२९ | ८९.४ | ८४१०२ | ८९.४७ | ७७०२७ | ८९.५ |
| बौद्ध | ३७६ | ४.२ | १५९२ | ०.९ | ८०० | ०.९ | ७९२ | ०.९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ईस्लाम | २७३५ | ६.०१ | १६४३८ | ९.१ | ८६३९ | ९.२ | ७७९९ | ९.१ |
| ईसाई | १०३ | ३.९ | ३९८ | ०.२ | २१६ | ०.२ | १८२ | ०.२ |
| अन्य | १२९ | ४.५ | ५८१ | ०.३ | ३१८ | ०.३ | २६३ | ०.३ |
| जम्मा | ३८३५८ | ४.७ | १८०१३८ | १०० | ९४०७५ | १०० | ८६०६३ | १०० |

बिराटनगर उप-महानगरपालिका शहरी गरिबी न्युनिकरण रणनिती पत्र २०६६

**१.५ संस्कृति :**

विराटनगर उप-महानगरपालिका क्षेत्र भित्र विभिन्न धार्मिक तथा सांस्कतिक परम्परा रीतिरीवाजहरुलाई मान्ने मानिसहरुको बसोबास रहेको छ। यहाँका मानिसहरुको आ–आफ्नै विभिन्न सामाजिक संस्कार रहेका छन्। आ–आफ्नै सामाजिक संस्कारहरु अनुसार यहाँका मानिसहरु विभिन्न परम्परा, भेषभूषा तथा रहन सहनमा सजिसजाउ भएका देखिन्छन्। तर अहिलेको युवा पुस्ता भने आफ्नो परम्परा तथा परम्परागत रहन सहन तथा भेषभूषालाई छोडेर पश्चिमी शैली अपनाएको पनि देखिन्छ।

यस उप-महानगरपालिका क्षेत्र भित्र विभिन्न धार्मिक सम्प्रदायका मानिसहरुको वसोवास रहेको छ। यहाँका मानिसहरु आफ्नो धर्म परम्परा अनुसार विभिन्न देवी देवताहरुको पूजा गर्ने तथा मन्दिर धाउने गर्दछन्। यहाँको जनसंख्याको ८६ प्रतिशत हिन्दू धर्म मान्ने मानिसहरु रहेको छन्। त्यस्तै गरी इस्लाम धर्म मान्ने १२ प्रतिशत, १ प्रतिशत बौद्ध धर्म मान्ने र अन्य धर्म मान्ने १ प्रतिशत मानिसहरुको बसोबास यस उपमहानगरपालिका भित्र रहेको छ। ( बिराटनगर उप-महानगरपालिका शहरी गरिबी न्युनिकरण रणनिती पत्र २०६६) यस उप-महानगरपालिका भित्रका मानिसहरुको धर्म प्रति अतिसय श्रद्धा रहेको पाइन्छ। यहाँका मानिसहरु धार्मिक सहिष्णुता तर्फ उन्मुख देखिन्छन्।

यहाँका मानिसहरु विभिन्न चाडपर्वहरु पनि बढो हर्षोउल्लासका साथ मनाउने गर्दछन्। जसमा हिन्दुहरुले दशैं-तिहार, छैट, शिवरात्री आदि जस्ता चाडपर्वहरु पर्दछन्। यहाँका राजवंशी, यादव, जस्ता जातिहरु भने छठ, मोधि, जितिया जस्ता चाडपर्वहरु बढो हर्सोल्लासका साथ मनाउने गर्दछन्। कृष्ण अष्टमिको भोलि पल्ट निकालिने रथयात्रा नेपाली सांस्कृतिक परम्पराको महत्वपूर्ण पक्ष्य मान्न सकिन्छ।

सांस्कृतिक सम्पदाहरुमा पनि विराटनगरको महत्व कम छैन। विराटनगरको पुरातात्विक स्थल भेडीयारीमा रहेको विराटराजाको प्राचीन दरवार, विराटनगर वार्ड नं. १० मा रहेको वनस्खण्डी बाबाको मन्दिर, वार्ड नं. १३ मा करिव २०० वर्ष अगाडिको ऐतिहासिक मन्दिर संसारीमाइस्थान, र वार्ड नं. ८ मा वि.स. १९६० सालमा स्थापना भएको काली मन्दिर आदिले विराटनगरको धार्मिक-सांस्कृतिक धरोहरलाई उचो राखेका छन्।

विराटनगरको बुधनगरमा पर्ने पुरातात्विक स्थल भेडीहारी तथा विराटनगर वरिपरि रहेको किचकवध जस्ता ठाँउहरुले यहाँको प्राचीनतालाई उजागर गर्दछन्। तर यस्ता पुरातात्विक ठाँउहरुको संरक्षण र सम्वर्द्धनको अभावमा यिनीहरुको महत्व तथा यहाँ भेटिएका पुरातात्विक वस्तुहरु हराउँदै गइरहेको छन्। यस्तो पुरातात्विक वस्तुहरुको संरक्षण र सम्वर्द्धनको जिम्मेवारी यहाँका जनता साथै विराटनगर उप–महानगरपालिकाले लिनुपर्ने देखिन्छ। यस्ता पुरातात्विक वस्तुहरुले विराटनगर उप-महानगरपालिकाको प्राचीनतालाई कायमै राख्न मद्दत गर्दछ।

# भाग : दुई
# उप-महानगरपालिकाको बसोवास तथा मानवसाधनको बिद्यमान अवस्था

## २. सहरीकरणको वर्तमान स्वरुप

अन्तराष्ट्रिय ब्यापारिक नाका (बिशेषतः भन्सार) र देशको पहिलो आधुनिक उद्योगहरुको उद्‌गम स्थलको रुपमा रहेको रानी बजारलाई (वा.नं.१९,२०,२१र२२) बर्तमान विराटनगरको बिकासको पुरानो आधार मान्न सकिन्छ । बि.सं. १९७१ मा मोरङ जिल्लाको सदरमुकाम रगेलीबाट बिराटनगरमा (वा.नं.७,८,९,१२,१४र१५) सरेपछि बर्तमान विराटनगरको अभ्युदय भएको हो । यस्तो ऐतिहासिक बिकासको तीब्रतामा रानी बजारमा भएका उद्योगहरुको मुख्य भूमिका रहेको छ । यसरी बर्तमान विराटनगरको स्वरुपमा यी दुई केन्द्रहरुको (Cluster) छाप अझै पनि स्पष्ट देखिन्छ ।

विराटनगरको बिकास, पछि आएर उत्तर दक्षिण मूल मार्गको छेउ छाउमा लहरै (Linear) रुपमा भएको देखिन्छ । भारतीय सिमाना र देशको उत्तरी भाग जोडने यो पुरानो बाटो (Trade route) हाल मेन रोड भनी चिन्ने गरिन्छ । पछि आएर मोटरको बाटोको बिकाससंगै जोगबनी धरान राजमार्गको निमार्ण भईसकेपछि र यहाँको बन्द ब्यापार तथा उद्योगको बृद्धिसंगै, बस्तीहरु यी दुई सडकको दायाँ बायाँ बढन थालेको हो । यो सहरीकरणको अभ्युदयमा पुराना दुई केन्द्रहरु (Clusters) जोडीएर एकाकार भएकाछन् ।

रेखात्मक बिकासको क्रम हालसम्म बिद्यमान भए पनि यी मार्गका दुबैतिर सहरीकरणको गति बढी तीब्र भएको छ । यसरी अब आएर विराटनगरको स्वरुप रेखात्मक मात्र नभई दाया बांया पनि बढदै बहुआयात्मक हुने अग्रसरतामा पुगेको देखिन्छ । यति हुँदा हुँदै पनि विराटनगरको बर्तमान स्वरुप अझै रेखात्मक नै देखिन्छ । त्यसैले यसको भू-उपयोगमा कृषि भूमिको प्रभुत्व क्रमस कमहुदै गएको देखिन्छ ।

हाल नयाँ उद्योगहरुको बृद्धि नगरपालिका क्षेत्र बाहिर भईरहेकोले यो सहरको पहिचान औद्योगिक सहरबाट ब्यापारिक र सेवामूलकतिर अग्रसर भएको देखिन्छ । यसले गर्दा यसको भौतिक र बातावरणीय स्वरुपमा केही परिवर्तन देखिएको छ ।

विराटनगरको भौतिक स्वरुपको मुख्य कडी निम्नानुसार आंकलन गर्न सकिन्छ ।

क) दक्षिणतर्फको औद्योगिक प्रतिष्ठानहरु
ख) मध्य भागको पुराना बस्तीहरु
ग) मेन रोड र धरान राजमार्गहरु
घ) अव्यबस्थित पूर्वाधारले सृजना गरेको बर्षेनी हुने पानी जम्ने रबाढीको प्रकोप
ङ) पूर्व र पश्चिम सिमानाका नदीहरु
च) बस्तीको पश्चिम र पूर्व दुवै तिर फैलिएका विशाल कृषि जमिनको फाँटहरु
छ) नगर क्षेत्र बाहिर तर सिमानामै नयाँ उद्योगहरुको विकास
ज) पूर्वी कोशी, चतारा नहर

## २.१. वसोवास र भावि स्वरुप

हाल नीजि क्षेत्रबाट सुरु भईरहेको घडेरी बिकास योजनाले विराटनगरको सहरी स्वरुपमा थप परिवर्तन ल्याउने सम्भावना देखिन्छ । साथै यहाँ नवागन्तुक जनसंख्याको बसाइँ-सराई कमिक रुपमा बढिरहेकोले यसको भावी स्वरुपमा ठूलो प्रभाव पार्ने देखिन्छ। यस्ता प्रभावहरुमा सुकुम्बासीहरुको बृद्धि, भौतिक पूर्वाधारहरुमा दवाब र कमीका साथै देशकै दोश्रो ठूलो सहर भए पनि बर्षामा पूरा सहर जलाम्य हुने, खुला सार्वजनिक क्षेत्रको शुन्यता, सहरी बिकासको कुनै सैद्धान्तिक र योजनाबद्ध सोचको अभावमा फेरिँदै गएको रुप पनि विराटनगरको बर्तमान सहरी स्वरुप मान्नु पर्दछ जसले भबिष्यमा यसको बासिन्दाहरुको भौतिक, सांस्कृतिक र आर्थिक जीवनको गुणस्तर निर्धारण मा समेत नकारात्मक प्रभाव पार्न सक्नेछ ।

जनसंख्या बृद्धिदर उल्लेख्यै हुदैगएको सन्दर्भमा घर निर्माण संख्या पनि उत्तिकै देखिन्छ । वडा नं. ८,१७, १८,१९,२०,२१ ,र २२ बाहेक अन्य सबै वार्डहरुमा नयाँ घर निर्माण तिब्र गतिले भइनै रहेका छन । यो सहर वरिपरीका क्षेत्रमा समेत बस्ती विस्तार भइरहेको हुनाले यस नगरका केन्द्रिय वडाहरु ८, १२, १४, ९ मा आवास तथा ब्यापारीक प्रयोजनका भवनहरु बिस्तार तिब्र गतिले भएको देखिन्छ जसले गर्दा नगरको सरसफाईमा थप जटिलता निम्त्याएको छ ।

## २.२ बिराटनगर उप महानगरपालिकामा आवास अबस्था :

| घरको स्वामित्व | घरपरिवार संख्या | | जनसंख्या | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निजी | २५००१ | ६५.२ | १२८६३२ | ७१.४१ | ६६२६६ | ७०.४४ | ६२३६६ | ७२.४७ |
| भडामा | ११२९९ | २९.५ | ४२८१३ | २३.७७ | २३२८८ | २४.७५ | १९५२५ | २२.६९ |
| संस्थागत | ६९० | १.८ | २८६८ | १.५९ | १५५९ | १.६६ | १३०९ | १.५२ |
| अन्य | १३६८ | ३.६ | ५८२५ | ३.२३ | २९६२ | ३.१५ | २८६३ | ३.३३ |
| जम्मा | ३८३५८ | १०० | १८०१३८ | १०० | ९४०७५ | १०० | ८६०६३ | १०० |

बिराटनगर उप-महानगरपालिका शहरी गरिबी न्युनिकरण रणनिती पत्र २०६६ का अनुसार कूल ३८३५८ घरपरिवारहरु मध्ये निजी घरमा ६५.२ प्रतिशत, भाडामा २९.५ प्रतिशत, संस्थागत १.८ प्रतिशत र अन्यमा ३.६ प्रतिशत घरपरिवारहरु बसोबास गरेको पाइएको छ । बि.स. २०६६ पछि यस ४ बर्षको (२०७०चैत्र सम्ममा) बिचको यस अवधिमा निजी घरमा बसोबास गर्ने ४.५ प्रतिशतविन्दुले बढेको छ । त्यस्तै भाडाको घरमा बसोबास गर्ने घरपरिवार ३.४ प्रतिशतविन्दुले घटेको, संस्थागतमा २.८ प्रतिशतविन्दुले घटेको, अन्यमा २.२ प्रतिशतविन्दुले बढेको देखिएको छ , यस अवधिमा करिव ५,००० घररिवार थपिएको हूनाले सुकूम्बासी तथा घरबिहिनहरुको सख्यां पनि उल्लेखनियरुपमा बृद्धिभएको छ । विराटनगर क्षेत्रमा आवसिय घरमा वृद्धि हुदै गएको छ भने अर्को तर्फ घरको स्वामित्व नभएका साथै स्वामित्वको पहिचान नभएका घरपरिवारहरुको संख्या समेत बढ्दै गएको देखिन्छ ।

## २.३. सुकुम्बासीको स्थिति

बिराटनगर उप-महानगरपालिका शहरी गरिबी न्युनिकरण रणनिती पत्र २०६६ का अनुसार विराटनगरका कूल घरपरिवार मध्ये १५ प्रतिशत घरपरिवार अर्थात १५ प्रतिशत जनसंख्या सुकुम्बासी रहेको देखाएको छ । नेपाल राज्यको कुनैपनि क्षेत्रमा वा स्थानमा जग्गा जमिन नभएको घरपरिवार वा व्यक्तिलाई सुकुम्बासीको वर्गमा राखिएको छ । प्रतिवेदनका अनूसार सुकुम्बासीका कुनैपनि आधार नखोजिएको हुनाले केही वास्तविकता भन्दा फरकपनि पर्न सक्ने देखिन्छ । प्रतिवेदनका अनूसार सुकुम्बासी घरपरिवारको औषत परिवार आकार ४.८ प्रतिशत, नगरको कूल औषत घरपरिवार आकार भन्दा पनि बढी रहेको छ ।

| सुकुम्बासी | घरपरिवार संख्या | | जम्मा | | पुरुष | | महिला | | औषत घरपरिवार आकार |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| हो | ५६९८ | १४.९ | २७२३४ | १५.१२ | १४१४१ | १५.०३ | १३०९३ | १५.२१ | ४.८ |
| होइन | ३२६६० | ८५.१ | १५२९०४ | ८४.८८ | ७९९३४ | ८४.९७ | ७२९७० | ८४.७९ | ४.७ |
| जम्मा | ३८३५८ | १०० | १८०१३८ | १०० | ९४०७५ | १०० | ८६०६३ | १०० | ४.७ |

**बिराटनगर उप-महानगरपालिकामा रहेका सुकुम्बासीहरुको वार्डगत विवरण :**

बिराटनगर उप-महानगरपालिकामा बसोबास गर्ने मानिसहरु मध्य करिब १४.८५ प्रतिशत मानिसहरु संग आफनो स्वामित्वमा कुनैपनि जग्गा जमिन तथा पैत्रीक सम्पति नभएको देखिन्छ । वार्ड प्रोफाईल २०६४ का अनुसार वार्डगत रुपमा हेर्दा सुकुम्बासिको प्रतिशत वार्ड नं. १ मा १८.९७ , वार्ड नं.२ मा ११.५७ , वार्ड नं.३ मा ७.११ , वार्ड नं.४ मा ६.७९ , वार्ड नं.५ मा १५.५८ , वार्ड नं.६ मा ९.५६ , वार्ड नं. ७ मा १४.८५ , वार्ड नं.८ मा १.०८ , वार्ड नं. ९ मा ३०.४२ , वार्ड नं.१० मा ३.८८ , वार्ड नं. ११ मा ४.७८ , वार्ड नं.१२ मा ६.८६ , वार्ड नं. १३ मा ८.१९ , वार्ड नं.१४ मा १२.५५ , वार्ड नं.१५ मा ११.०२ , वार्ड नं.१६ मा १७.४९ , वार्ड नं.१७ मा १४.०४ , वार्ड नं.१८ मा २९.२१ , वार्ड नं.१९ मा ४४.५ , वार्ड नं.२० मा १७.२१ , वार्ड नं.२१ मा १.१८ र वार्ड नं.२२ मा ४१.४ रहेको पाईन्छ ।

## २.४. बिराटनगर उपमहानगरपालिकामा रहेका न्युन आय भएका गरीव तथा सुकुम्बासी बस्तीहरुको बिवरण

| क्र.स | वार्ड नं. | टोल /बस्तीको नाम | क्र.स | वार्ड नं. | टोल / बस्तीको नाम |
|---|---|---|---|---|---|
| १ | १ | शान्ति चोकपुर्व | १९ | ६ | पृथ्वी टोल |
| २ | १ | संकर चौक क | २० | ६ | जागृती टोल |
| ३ | १ | संकर चौक ख | २१ | ६ | बिसाल टोल |
| ४ | १ | श्रीनगर क | २२ | ६ | प्रगति टोल |
| ५ | १ | श्रीनगर ख | २३ | ६ | भृकूटी टोल |
| ६ | १ | कुसल टोल | २४ | ६ | वाटिका/भट्टा टोल |
| ७ | १ | नवरंगी टोल | २५ | ६ | कारखाना टोल |
| ८ | १ | सम्राट टोल | २६ | ६ | कोलरवा टोल |
| ९ | १ | विजयपूर ख | २७ | ६ | दामावन्दी राम टोल |
| १० | १ | बेलगाछी ख | २८ | ६ | दामावन्दी पिपलचोक |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | २ | संसारी माई टोल | २९ | ६ | कृषि मार्ग टोल |
| १२ | २ | बजरंगबली टोल | ३० | ६ | बजरंगवली टोल |
| १३ | २ | विद्यामार्ग टोल | ३१ | ६ | विष्णू टोल |
| १४ | २ | तिनपैनी परियार टोल | ३२ | ६ | प्रशन्न टोल |
| १५ | ३ | अमातटोल टोल | ३३ | ६ | कोचाखाल |
| १६ | ३ | भृकुटि चौक टोल | ३४ | ७ | वरमपूरा टोल |
| १७ | ३ | राजबंशी टोल | ३५ | ७ | कारखाना टोल |
| १८ | ३ | बिजुलि अफिस टोल | ३६ | ७ | श्रीरामपूर  टोल क |
| ३७ | ४ | राजबंशी टोल | ३७ | ७ | श्रीरामपूर  टोल ख |
| ३८ | ४ | मदन नगर सूकूम्वासी टोल | ६९ | ७ | सरोचिया टोल |
| ३९ | ४ | राजबंशी टोल ख | ७० | ७ | नयाँ बस्ती टोल |
| ४० | ४ | जागृती टोल (कूलगरा) | ७१ | ७ | धर्मभक्त टोल |
| ४१ | ५ | उत्तर मूसहर टोल | ७२ | ७ | सितापूर टोल |
| ४२ | | थानी टोल | ७३ | ११ | मूखिया टोल |
| ४३ | | वस्ता टोल | ७४ | ११ | अशोक टोल क |
| ४४ | | कारजी कोहवरा (उत्तर) | ७५ | ११ | अशोक टोल ख |
| ४५ | | खारजी नहरपारी (पश्चिम) | ७६ | ११ | विश्वकर्मा क |
| ४६ | | खारजी -दक्षिण) | ७७ | ११ | विश्वकर्मा टोल ख |
| ४७ | | जामूनगाछी सखूवारे | ७८ | ११ | आर्दश टोल |
| ४८ | | इक्राही टोल  क | ७९ | ११ | स्वागतम टोल |
| ४९ | | वनलौरी टोल | ८० | १२ | साझा टोल |
| ५० | | अमाही इक्राही | ८१ | १२ | सिद्धार्थ टोल |
| ५१ | १३ | शान्ती चौक | ८२ | १२ | रामजानकी पुर्वी वस्ती |
| ५२ | | बगैंचा  टोल  क | ८३ | १२ | शिव टोल |
| ५३ | | प्रतिभा मार्ग (जतूवा) | ८४ | १८ | कठटप्पा ग टोल |
| ५४ | | सोमवारे हाट | ८५ | १८ | राजवंशी टोल |
| ५५ | १४ | गूद्री टोल | ८६ | १८ | महतो टोल क र ख |
| ५६ | | भानू टोल | ८७ | १८ | वयरवना टोल |
| ५७ | | कलेज रोड (माली टोल) | ८८ | १८ | ३ेगावस्ती टोल |
| ५८ | | भानू टोल | ८९ | १८ | ओम साहीराम टोल |
| ५९ | १५ | मरिक टोल (डूम) | ९० | २० | दरैया १ नं.टोल |
| ६० | | जनप्रिय टोल | ९१ | २० | कोलवर टोल |
| ६१ | | दूर्गा मन्दिर पुर्व | ९२ | २० | मिलन टोल |
| ६२ | | अलका टोल | ९३ | २० | दरैया चौथी टोल |
| ६३ | | शिववावा टोल | ९४ | २० | दरैया दक्षिण मूसहर वस्ती |
| ६४ | | अलका छिमेकी | ९५ | २० | दक्षिण गेट टोल |
| ६५ | | बूद्धविहार टोल | ९६ | २० | वर्मा टोल ग |
| ६६ | | बरमपूरा टोल | ९७ | २० | |
| ६७ | | जनपथ टोल | ९८ | २० | |

## भाग : तीन
## अध्ययन बिधि तथा प्राप्त नतिजाहरु

**३.१ . अध्ययनको उद्धेश्य :**

- बिराटनगर उप महानगरपालिकामा रहेका गरिब तथा न्युन आय भएका मानिसहरुको विवरण तयार गर्ने ।
- शहरी गरीब तथा न्युन आय भएका व्यक्तिहरुको हक अधीकार पहिचान गरी साझा आवश्यकताको

सवालमा वकालत गर्ने ।

**३.२. .अध्ययनको महत्व :**

शहरी गरीबहरुको तथ्य तथ्याङ्क तथा विवरण तयार हुने भएकोले विभिन्न विकास साझेदार संस्था तथा नगरपालिकाको निति निर्माण तथा कार्यान्यनको तहमा सहयोग पु-याउने भएकोले यो अध्ययन महत्तव पुर्ण मानिएको छ

**३.३. .अध्ययनको सिमा/परिधि :**

कुनै पनि अध्ययनको उद्देश्य प्राप्ति अध्ययन सिमाहरुमा भरपर्ने भएकोले जुन सुकै अध्ययन अनुसन्धान गर्नुपर्ने बिषयको सीमा तोकिएको हुनु पर्दछ । सीमा बिहिन अध्ययनको उद्देश्य मुलक हुन सक्दैन । अध्ययनको बिषय वस्तु विराटनगर उप-महानगरपालिकामा भएका न्युन आए भएका वर्गहरु रहेका छन् । जसको कारण यसका बिभिन्न पक्षहरु पहिल्याई तिनमा अध्ययन गर्ने प्रयास गरिएको छ । त्यसै गरी आफनै स्रोत र साधनको भरमा खोज अनुसन्धान गरी आवासकिय कुराहरु प्राप्त गर्नुपर्ने भएकोले अध्ययन सिमित बन्न गएको छ । यो अध्ययन नमुना ( Sample ) बिधिमा आधारित भएकोले बिराटनगर उप-महानगरपालिकाका अति गरिव तथा न्युन आय भएका १२ वटा टोल /बस्तीहरुमा मात्र केन्द्रित गरिएको छ ।

- ❖ यस अध्ययनको क्षेत्र बिराटनगर उप-महानगरपालिका मात्र सिमित गरिएको छ ।
- ❖ उत्तरदाताहरु न्युन आय भएका वर्गहरु मात्र सिमीत गरिएको छ ।
- ❖ विराटनगर उप-महानगरपालिकाको वडा नं.१,५,६,७,११,१३,१६,१८ हरु समेटिएको छ ।
- ❖ यस अध्ययनका लागि आवश्यक स्रोत सामाग्रीहरु विभिन्न पत्र,पत्रिका , लेखकहरुमा पुस्तक र नगरपालिकाले प्रकाशन गर्ने शहरी गरिबी न्युनिकरण रणनीति पत्र २०६६ , वेभसाईटहरु वाट लिइएक छ ।

**३.४. . अध्ययन विधि :**

१. अन्तरक्रिया

२. स्थलगत अवलोकन

३. सामुहिक छलफल

**३.५. अध्ययनले समेटेका क्षेत्रहरु :**

| क.स | वार्ड नं. | टोलको नाम | क.स | वार्ड नं. | टोलको नाम |
|---|---|---|---|---|---|
| १ | बिराटनगर : १ | श्रीनगर टोल | २ | बिराटनगर – ५ | खार्जी कोहबारा नहर पारी |
| ३ | बिराटनगर - ५ | खार्जी कोहबारा मुसहर टोल | ४ | बिराटनगर – ६ | बिशाल चोक टोल |
| ५ | बिराटनगर – ६ | कारखाना टोल | ६ | बिराटनगर – ६ | प्रगती टोल |
| ७ | बिराटनगर – ७ | नया वस्ती टोल | ८ | बिराटनगर - ११ | अशोक चोक(क) र (ख) |
| ९ | बिराटनगर-११ | आर्दश टोल | १० | बिराटनगर-१३ | सोमबारे हाट टोल |
| ११ | बिराटनगर-१६ | साविक बखरी टोल | १२ | बिराटनगर –१८ | महतो टोल(क) र (ख) |

**३.६. अवस्था तथा नतिजाहरु :**

**बिशाल चोक ,बिराटनगर :- ६**

बिराटनगर उप महानगरपालिका वडा नं. ६ स्थित विशाल चोक टोल आदिबासी जनजातिहरु, अमात्य राय,पासवान,मलाह,खवास,तेली,हलुवाई आदिको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो ।



यो डी.पी.एस वोडिग स्कुल दक्षिण तर्फ वास्ता खोलाकोडिलमा अव्यवस्थीत रुपमा रहेको छ । करीब २५ घरधुरी रहेको यसटोलको जनसंख्या १५० रहेकोछ । प्राय सबै अशिक्षित जनसंख्या यस टोलका मानिसहरुको मुख्य आर्जन भनेको ज्याला मजदुरीनै हो । सरदर बर्षमा ६ महिना मात्र आफनो कमाईले गुजारा चल्नेबताउछन यहाँका मानिसहरु । व्यवस्तीत आवास नभए पनि यहाँका मानिसहरु सुकुम्वासीहरु होइनन ।उनीहरु हरेकको आफनै नाममा दर्ता भएको जग्गा ५-१५ धुर सम्म रहेको छ ।आफुलाई नेपाली नागरीक भएको बताउने यहाका बासीन्दाहरु समग्रमा न्यूनआय भएका गरिब तथा सिमान्तीकृत मानिस भित्र पर्दछन ।उनीहरुको जिवनलाई आय आर्जनका बिभिन्न माध्यमबाट उकास्न सके मात्र गरीबी न्यूनीबरण भएको मानिने छ ।यस समुदायका मानिसमा शैक्षिक अवस्था चेतना भएपनि सरकारी सेवा शुविधामा खासै जानकारी नभएको अवस्था छ । खानेपानिको स्रोत भनेको चापाकल मात्र छ । ट्युवेल वरीपरी सफा नभएको र सरसफाईको चेतनामा समेत गरिवीको कारणले खासै ध्यान नदिएको बताउछन यहाँका बासीन्दाहरु । अधिकाशं घरहरुमा चर्पीको व्यवस्था नभएको पाईएको छ । शिक्षा पनि स्कुलस्तर सम्म मात्र रहेको पाईएको छ । यस समुदायका मानिसहरुको घरको अवस्था धेरैनै दयनिय भएको पाईएको छ । यस समुदायका महिलाहरु घरको काम र वालबच्चाहरुको स्याहारमा दिनहरु व्यतीत गरिरहेको पाईएको छ । विशेष गरी महिलालाई रोजगारी मुलक शिप सिकाउदा उनीहरुको जिवनस्तर केही मात्रामा माथि उठाउने कुरा समुदायका महिलाको सोच रहेको पाईन्छ ।

**प्रगती टोल,बिराटनगर :- ६**

बिराटनगर उप महानगरपालिका वडा नं. ६ स्थित प्रगति टोल आदिबासी जनजातिहरु डुम,पासवान,कामत,राजवंशी आदिको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो ।



यो डी.पी.एस वोंडिग स्कुल दक्षिण तर्फ वास्ता खोलाकोडिलमा अव्यवस्थीत रुपमा रहेको छ । करीब ४५ घरधुरी रहेको यसटोलको जनसंख्या २२० रहेकोछ । प्राय सबै अशिक्षित जनसंख्या यस टोलका मानिसहरुको मुख्य आर्जन भनेको ज्याला मजदुरीनै हो । सरदर बर्षमा ६ महिना मात्र आफनो कमाईले गुजारा चल्नेबताउछन यहाँका मानिसहरु ब्यवस्तीत । आफुलाई नेपाली नागरीक भएको बताउने यहाका बासीन्दाहरु समग्रमा न्यूनआय भएका गरिब तथा सिमान्तीकृत मानिस भित्र पर्दछन ।उनीहरुको जिवनलाई आय आर्जनका बिभिन्न माध्यमबाट उकास्न सके मात्र गरीबी न्यूनीबरण भएको मानिने छ । यस टोलमा अव्यवस्थीत बाटो , खानेपानिको स्रोत कल छ र वरिपरि फोहोर भएको पाईन्छ । यस टोलमा चर्पीको व्यवस्था नभएको केही घरमा व्यवस्थीत चर्पी भएपनि अधिकांश घरमा चर्पीको व्यवस्था छैन र चर्पीको बारेमा खासै त्यस समुदायका मानिसमा चेतना नभएको पाईएको छ । यस समुदायका मानिसहरु आ-आफनो चाडपर्व जातीगत रुपमा मनाउदै आएको पाईएको छ । शैक्षिक तर्फ १० कक्षा सम्म पढने र एस .एल.सी पास गर्ने थोरै संख्यामा विद्यार्थी रहेको पाईन्छ । यहाँका मानिसहरु सुकुम्वासीहरु होइनन ।उनीहरु हरेकको आफनै नाममा दर्ता भएको जग्गा १५ धुर सम्म रहेको छ ।

## कारखानाटोल , बिराटनगर :- ६

बिराटनगर उप महानगरपालिका वडा नं. ६ स्थित कारखाना टोल(शान्ति जल छेउ) आदिबासी जनजातिहरु थारु,मुसलमान,कामत,राजवंशी आदिको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो।



यो डी.पी.एस वोंडिग स्कुल दक्षिण तर्फ वास्ता खोलाकोडिलमा अव्यवस्थीत रुपमा रहेको छ । करीब ३० घरधुरी रहेको यसटोलको जनसंख्या १५० रहेकोछ ।प्राय सबै अशिक्षित जनसंख्या यस टोलका मानिसहरुको मुख्य आर्जन भनेकोकिसान र ज्याला मजदुरीनै हो। सरदर बर्षमा ६ महिना मात्र आफनो कमाईले गुजारा चल्नेबताउछन यहाँका मानिसहरु ब्यवस्तीत आवास नभए पनि यहाँका मानिसहरु सुकुम्वासीहरु होइनन ।उनीहरु हरेकको आफनै नाममा दर्ता भएको जग्गा ५ धुर देखी १२ धुर सम्म रहेको छ । यहाका बासीन्दाहरु समग्रमा न्यूनआय भएका गरिब तथा सिमान्तीकृत मानिस भित्र पर्दछन ।उनीहरुको जिवनलाई आय आर्जनका बिभिन्न माध्यमबाट उकास्न सके मात्र गरीबी न्यूनीबरण भएको मानिने छ । अधिकांसरुपमा यहाँका बासीन्दाहरु हिन्दु धर्म मान्ने गरेको बताउछन ।

**नया वस्ती,बिराटनगर :- ७**

बिराटनगर उप महानगरपालिका वडा नं. ६ स्थित नयाँवस्ती आदिबासी जनजातिहरु पासवान,मुसलमान,सतार आदिको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो।



यो डी.पी.एस वोंडिग स्कुल दक्षिण तफ अव्यवस्थीत रुपमा रहेको छ । करीब १०० भन्दा माथि घरधुरी रहेकोछ। यसटोलको जनसंख्या ५०० रहेकोछ ।प्राय सबै अशिक्षित जनसंख्या यस टोलका मानिसहरुको मुख्य आर्जन भनेकोकिसान र ज्याला मजदुरीनै हो। सरदर बर्षमा ६ महिना मात्र आफनो कमाईले गुजारा चल्नेबताउछन यहाँका मानिसहरु ब्यवस्तीत आवास नभए पनि यहाँका मानिसहरु सुकुम्वासीहरु हुन ।आफुसंग नेपाली नागरीक भएको बताउनेर सुकुम्वासी कार्ड बनाएकोर नगरपालिकाले मिटर समेत जडान गरेकोछ । यहाका बासीन्दाहरु समग्रमा न्यूनआय भएका गरिब तथा सिमान्तीकृत मानिस भित्र पर्दछन ।उनीहरुको जिवनलाई आय आर्जनका बिभिन्न माध्यमबाट उकास्न सके मात्र गरीबी न्यूनीबरण भएको मानिने छ ।

**महतो टोल (क) र (ख), बिराटनगर :- १८**

बिराटनगर उप महानगरपालिका वडा नं. १८ स्थित महतो टोल दुई भागमा बाडिएको छ । जसलाई महतो टोल क र ख नामाकरण गरिएको छ । यो टोल बिराटनगरको दक्षिण भागमा अवस्थित छ । यो क्षेत्रमा आदिबासी जनजातिहरु पासवान,मुसलमान,सतार र बिषेश नुनियाको जातिका मानिसहरुको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो ।



यो बिराटनगरको दक्षिण तफ अव्यवस्थीत रुपमा रहेको टोल हो जसमा महतो टोल (क)मा करीब १०५ घरधुरी रहेको छ । यसटोलको जनसंख्या ६३० रहेको छ । महतो टोल (ख) मा करीब २०० घरधुरी रहेको छ । यसटोलको जनसंख्या १२०० रहेको छ । प्राय सबै अशिक्षित जनसंख्या यस टोलका मानिसहरुको मुख्य आर्जन भनेको बैदेशीक रोजगार र ज्याला मजदुरी नै हो । यस टोलका मानिसहरुको शैक्षिक स्थिती कम रहेको छ । जो केहि व्यक्तिले मात्र एस ,एल,सी सम्म पढेका छन् । बासस्थानका लागि उनिहरु संग आफनो नम्बरी जग्गा भएको बताउछन् । कसै कसै संग(२,३ प्रतिशत) दश कट्ठा सम्म जग्गा भएको पाईएको छ ।

**असोक चोक (क) , बिराटनगर :- ११**

बिराटनगर उप महानगरपालिका वडा नं. ११ मधुमारा स्थित असोक चोक दुई भागमा बाडिएको छ । जसलाई असोक चोक क र ख नामाकरण गरिएको छ । यो टोल बिराटनगरको पुर्व भागमा अवस्थित छ । यो क्षेत्रमा आदिबासी जनजातिहरु पासवान,मुसलमान,सतार जातिका मानिसहरुको प्रमुख वासस्थान रहेको टोल हो ।



यो बिराटनगरको पुर्व तर्फ अव्यवस्थीत रुपमा रहेको टोल हो जसमा असोक टोल (क)मा करीब ८५ घरधुरी रहेको छ । यसटोलको जनसंख्या ५१० रहेको छ । महतो टोल (ख) मा करीब ८५ घरधुरी रहेको छ । यसटोलको जनसंख्या ५१० रहेको छ । प्राय सबै अशिक्षित जनसंख्या यस टोलका मानिसहरुको मुख्य आर्जन भनेको बैदेशीक रोजगार र ज्याला मजदुरी नै हो । यस टोलका मानिसहरुको शैक्षिक स्थिती कम रहेको छ । जो केहि व्यक्तिले मात्र एस ,एल,सी सम्म पढेका छन् । बासस्थानका लागि उनिहरु संग आफनो नम्बरी जग्गा र मोहि जग्गा भएको बताउछन् । असोक टोल मा २५ प्रतिशत मानिसको घरमा चर्पी र खानेपानिको ब्यवस्था नभएको बताउछन् यहाँका मानिसहरु ।

**श्रीनगर टोल , बिराटनगर :- १**

बिराटनगर उप महानगरपालिका वडा नं. १ स्थित श्रीनगर टोल सुकुम्बासीहरुको बसोबास भएको बस्ती हो । यस टोलमा बिभिन्न जनजातिहरु नुनिया, थारु , धानुक , भुजेल ,राजवंशी आदिको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो । यस टोलमा दलितहरुको पनि बसोबास रहेको छ ।




यस टोलमा जम्मा २०० घरधुरी रहेको छ । यसटोलको जनसंख्या १४०० रहेको छ । यस टोलमा ऐलानि र नम्बरी जग्गा बराबरी रहेको पाईएको छ । यस टोलका बासिन्दाहरुको जिविकोपार्जन वैदेशीक रोजगारी, ज्यालामज्दुरीबाट चल्दै आएको छ । यस टोलका बासिन्दाको शैक्षिक अवस्था एस,एल,सी भन्दा मुनि रहेको पाईएको छ ।

**खार्जी कोहबारा नहर पारी,बिराटनगर :- ५**

बिराटनगर उप महानगरपालिका वडा नं. ५ स्थित खार्जी कोहबारा नहरपारि सुकुम्बासीहरुको बसोबास भएको बस्ती हो । यस टोलमा बिभिन्न जनजातिहरु चौधरी , मण्डल ,मुसलमान, यादब , नुनिया र राजवंशी आदिको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो ।





यो सुकुम्बासी टोलमा जम्मा ६० घरधुरी रहेको छ । यसटोलको जनसंख्या ३६० रहेको छ । यस टोलमा ऐलानि जग्गा रहेको पाईएको छ । यस टोलका बासिन्दाहरुको जिविकोपार्जन वैदेशीक रोजगारी, ज्यालामज्दुरीबाट चल्दै आएको छ । यस टोलका बासिन्दाको शैक्षिक अवस्था एस,एल,सी भन्दा मुनि रहेको पाईएको छ । यस टोलमा चर्पीको र खानेपानिको ब्यवस्था छैन । यस बस्तीमा केहि आयआर्जनको सिप पाएको खण्डमा जनजीवन केहि मात्रामा उकासीने देखिन्छ ।

## आर्दश टोल , बिराटनगर :- ११

बिराटनगर उप-महानगरपालिका वडा नं. ११ स्थित आर्दश टोलमा सुकुम्बासी र स्थानिय रुपमा बसोबास गर्दै आएका मानिसहरु बसोबास भएको बस्ती हो । यस टोलमा बिभिन्न जनजातिहरु सहानी मला , पासवान ,मुसलमान, चमरा , अमात्य राय आदिको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो ।





यस टोलमा जम्मा ४०० घरधुरी रहेको छ । यसटोलको जनसंख्या १४०० रहेको छ । यस टोलमा ऐलानि र नम्बरी जग्गा बराबरी रहेको पाईएको छ । यस टोलका बासिन्दाहरुको जिविको पार्जन वैदेशीक रोजगारी, ज्याला मजदुरीबाट

चल्दै आएको छ । यस टोलका बासिन्दाको शैक्षिक अवस्था एस,एल,सी भन्दा मुनि रहेको पाईएको छ । यस टोलमा भौतीक कुराको केही पनि सुविधा छैन । यस टोलका सबै महिलाहरु अशिक्षित छन् । खेती पातिमा आधारीत यहाको जिवन त्यति सजिलो छैन् । अधिकांश महिलाहरु दिनभरी खाली बस्ने गरेको पाईएको छ । यस टोलमा खानेपानि हाते कल छ । यस टोलमा चर्पीको ब्यबस्ता नभएको पाईएको र चर्पीको बारेमा चेतनाको कमी रहेको पाईन्छ ।

## सोमबारे हाट , बिराटनगर :- १३

बिराटनगर उप-महानगरपालिका पुर्वी क्षेत्रमा अवस्थीत वडा नं. १३ स्थित सोमबारे हाट सुकुम्बासीहरुको बसोबास भएको बस्ती हो । यस टोलमा बिभिन्न जनजातिहरु मण्डल ,मुसलमान, कायस्ता आदिको जातीहरुको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो ।





यस टोलमा जम्मा ४६ घरधुरी रहेको छ । यसटोलको जनसंख्या २७६ रहेको छ । यस टोलमा ऐलानि जग्गा रहेको पाईएको छ । यस टोलका बासिन्दाहरुको जिविको पार्जन कृषि र ज्याला मजदुरीबाट चल्दै आएको छ । यस टोलका बासिन्दाको शैक्षिक अवस्था एस,एल,सी भन्दा मुनि रहेको पाईएको छ  भने केही शिक्षित भई रोजगारीमा समेत आबध रहेको पाईन्छ । यस टोलमा भौतीक कुराको केही पनि सुविधा छैन । यस टोलका सबै महिलाहरु अशिक्षित छन् । खेती पाति र पशुपालन आधारीत यहाँको जिवन रहेको यहाँको बस्ती अब्यवस्तीत रुपमा रहेको पाईन्छ । अधिकांश महिलाहरु दिनभरी खाली बस्ने गरेको पाईएको छ । यस टोलमा खानेपानि हाते कल छ । यस टोल भरीमा चर्पी एउटा मात्र छ त्यो पनि नगरपालिकाले निर्माण गरेको छ । चर्पीको बारेमा चेतनाको कमी रहेको पाईन्छ । यस टोलका महिलाहरु स्वरोजगारका लागि जागरुक भएको पाईएको छ ।

## साबिक बकरी , बिराटनगर :- १६

बिराटनगर उप-महानगरपालिका पुर्वी क्षेत्रमा अवस्थीत वडा नं. १३ स्थित सोमबारे हाट सुकुम्बासीहरुको बसोबास भएको बस्ती हो । यस टोलमा बिभिन्न जनजातिहरु मण्डल ,मुसलमान, कायस्ता आदिको जातीहरुको प्रमुख वासस्थान केन्द्र रहेको टोल हो ।





यस टोलमा जम्मा १७५ घरधुरी रहेको छ। यसटोलको जनसंख्या ८७५ रहेको छ। यस टोलमा ऐलानि र नम्बरी दुबै खालको जग्गा रहेको पाईएको छ। यस टोलका बासिन्दाहरुको जिविको पार्जन कृषि , ज्याला मजदुरी र न्युन संख्या पेशामा आबद्ध भएको पाईएको छ । यस टोलका बासिन्दाको शिक्षितै रहेको पाईएको छ । भने शिक्षित भए पनि रोजगारीमा आबध रहेको पाईन्छ। यस टोलमा भौतीक कुराको केही पनि सुविधा छैन। यस टोलका सबै महिलाहरु शिक्षित छन् तर पनि स्वरोजगार हुन सकेका छैनन् । १ प्रतिशत महिला सिलाई बुनाईमाखेती पाति र पशुपालन आधारीत यहाँको जिवन रहेको यहाँको बस्ती अब्यवस्तीत आबद्ध भएको पाईन्छ रुपम । बाकि  महिलाहरु दिनभरी खाली बस्ने गरेको पाईएको छ । यस टोलमा खानेपानि हाते कल छ। यस टोलमा चर्पी भएपनि प्रयोग नभएको र प्रयोगको चेतना पनि नभएको पाईन्छ। यस टोलका महिलाहरु स्वरोजगारका लागि जागरुक भएको पाईएको छ।

**नागरीकहरुका लागि आवास अधिकार : एक दृष्टिकोण**



• **डिल्ली प्रसाई**
**उप-प्राध्यापक त्रि.वि**

गाँस, बास, कपास, स्वास्थ्य र शिक्षा मानिसको आधारभुत आबश्यकताहरु हुन । आज हामी यी आधारभुत आबश्यकता मध्ये बासको कुरा गर्दैछौं । २०६९ साल असार ५ गते राष्ट्रिय मानवअधिकार आयोगले सरकारको ध्यान आकर्षण गर्दै राष्ट्रिय कार्ययोजना बनाएर सुकुम्बासी समस्या समाधान गर्न निर्देशन दिए पछि भूमि नभएकै कारणले आबास बनाउन नपाउने नेपाली नागरिकको लागि आबासको अधिकारलाई मानवअधिकारको प्रमुख सबालको रुपमा बहसमा उतारिएको छ । भूमिअधिकार मञ्चका केन्द्रिय अध्यक्ष रही सकेका तथा पुष्पकमल दहाल प्रधानमंत्री हुँदा सुकुम्बासी आयोगका सदस्य भएका सप्तरीका बलदेब रामले राजधानीमा आयोजित गरिबी निवारण सम्बन्धि एक कार्यक्रममा आयोजकलाई 'गरीबको यो पेट काटेर राखिलिनुस, गरिबी निवारण गर्न पर्दैन ।' भनेको र राजधानीको अर्को कार्यक्रममा 'चरा भएको रुखमा गुँड लगाएर बस्नु, हामी त मानिस हौं । ओत लाग्न पनि जग्गा त चाहिन्छ ।' भनेर सबैलाई स्तब्ध पारिदिनु भएको थियो । बलदेब रामको यो भनाईले सुकुम्बासीहरुको मनको आबाजको प्रतिनिधित्व गरेको छ । बासको कुरा मानवअधिकारका आधारभूत अधिकारभित्र पर्दछ । यो पनि राज्यले दिन नसक्नु वा दिने कुरामा चाँसो नलिनु भनेको निर्दयी र निर्लज्जापन नै हो ।

यसो भनेर नेपाल सरकार र नेपालमा कार्यरत गैरसरकारी संस्थाहरुले बसोबासका लागि केही गरेका छैनन् भन्नु उपयुक्त हुदैन । संविधान, ऐन, कानूनहरुमा केही व्यवस्थाहरु गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ४ को राज्यको दायित्व, निर्देशन सिद्धान्त तथा नीतिको धारा ३३ (झ)मा सुकुम्वासी, कमैया, हलिया, हरवा चरबा लगायतका आर्थिक सामाजिक रुपले पछाडी परेका बर्गलाई जग्गा लगायत आर्थिक समाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने भनी उल्लेख गरिएको छ । सोही धाराको (च)मा सामन्ती भूस्वामित्वको अन्त्य गर्दै बैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्ने नीति अबलम्बन गर्ने कुरा उल्लेख छ । संविधानमा सुकुम्वासीहरुको लागि राज्यले नै बस्ने जग्गा उपलब्ध गराउने दायित्व भित्र राखेपनि त्यसलाई व्यहारमा लागु गराउने पक्षमा भने राज्य गंभिर देखिदैन ।

नेपालको कूल क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ बर्ग किलो मिटर छ । देशको कूल जमिनको २१ प्रतिशत अर्थात ३० लाख हेक्टर मात्र खेतियोग्य जमिन रहेको छ जसमध्ये २० प्रतिशत जमिन बाँझो छ । ९ प्रतिशत धनीहरुसंग ४६ प्रतिशत खेतियोग्य जग्गा छ । ६७ प्रतिशत निम्न बर्गको स्वामित्वमा १७ प्रतिशत मात्र जमिन छ ।

नेपालमा लगभग १० लाख ३७ हजार ७ सय ८५ परिवार भूमिहीन किसानहरु छन् । ४८ दशमलब ७ प्रतिशत संग ५ रोपनी भन्दा कम जमिन छ । १५ दशमलब ६ प्रतिशतसंग ६ देखि १० रोपनीसम्म,९ दशमलब ६ प्रतिशतसंग ११ देखि २० रोपनी सम्म र ३ दशमलब १ प्रतिशत संग २१ रोपनी भन्दा बढी जग्गा छ । (एस.सी.एफ.यु.एस. नामको संस्थाको अनुसंधानमा आधारित ) तराईका ९५ प्रतिशत दलित भूमिहीन रहेका छन् । यसरी हेर्दा भूमिहीन र गरिब दलित किसान गरी खान नपुग्ने दलितको संख्या ९० प्रतिशत भन्दा बढी हुन्छ । एक अर्को तथ्याङ्क अनुसार तराईमा भूमिहीन र सुकुम्बासी समस्या भोग्नेहरुको संख्या कूल जनसंख्याको ३३ दशमलब ५५ प्रतिशत रहेको छ ।

विराटनगर उपमहानगर पालिकामा ४२ हजार घर धुरीको जनसंख्या २ लाख को हाराहारीमा छ । ती मध्ये १० प्रतिशतको घर अहिले पनि व्यवस्थित नभएको तथ्यांक छ । चार हजार भन्दा बढी परिवारको बसोबास अहिले पनि

व्यवस्थित छैन । राज्यले उनीहरुको लागि आबासको प्रबन्ध गर्न जग्गा उपलब्ध गराउन नसकेर नै भुमिहीनका रुपमा रहेका छन् । उनीहरु नहर र खोलाको छेऊमा रहेको जग्गामा झुपडी बनाएर बस्न बाध्य छन् । ऐलानी जग्गा भएकोले आफ्नो चाहना अनुसार घर बनाउन सकिरहेका छैनन् ।

औद्योगिक नगरीको रुपमा चिनिएको विराटनगरमा विभिन्न उद्योगमा काम गर्ने हुन वा सानातिना उद्योग व्यवसाय गरेर बस्ने मानिसहरु घर जग्गा जोडन नसकेर डेरामा बस्दै आएका छन् । अरुको घरमा बहालमा बस्नु पर्दा पाहुना आए धेरै मानिस आए भनेर घर खाली गर भन्ने, केटाकेटीले साना तिना बदमासी गरेका गाली खाईने, धेरै पानी, विजुली चलाएमा पनि खप्की खानु पर्ने सबैकाम कोठा भित्र सिमित भएर गर्नु पर्ने बाध्यताले गर्दा आफ्नो जग्गामा घर बनाएर बस्न पाउँदाको स्वतन्त्रता जस्तो बाहालमा बस्दा हुँदैन ।

नेपालको अन्तरिम संविधान २०७० मा भाग ३ को मौलिक हक अन्तर्गत धारा १६ को (१)मा प्रत्येक व्यक्तिलाई स्वच्छ बातावरणमा बाँच्ने हक हुनेछ भनी उल्लेख गरिएको छ । तर विराटनगरमा सुकुम्बासी जीवन गुजारा गर्नेमा अधिकांश मधेसी समुदाय नागरिकहरु हुनुहुन्छ । उहाँहरु सुकुम्बासीको रुपमा टहरा बनाएर बस्नु भएको ठाउँ वरपर फोहोर नहर र खोला छ । घर वरपरको बातावरण फोहोर छ । राज्यले भने जस्तै नागरिकले स्वच्छ बातावरणमा बाच्न पाउने हक हुँदा हुँदै पनि स्वच्छ बातावरण पाइरहेका छैनन् । सुकुम्बासी भएका कारणले विजुली, पानी जडान गर्न समस्या छ । दिनभरी काम गरेर साँझमा घर फर्किदा स्वच्छ र हराभरा स्थानमा बस्न पाउँदा सहज हुन्छ । तर त्यो सुविधा उहाँहरुले पाउन नसक्नाले स्वास्थ्यमा असर परिरहेको देखिन्छ । गर्मी होस या जाडो घरमा रहेका बालबालिका बढी विरामी पर्ने, साँगुरो स्थानमा पुरै परिवार बस्नु पर्दा समस्या हुने गर्दछ ।

मधेस अन्नको भण्डार हो । नेपालको कूल उत्पादनको करिब दुई तिहाई मधेसवाट हुन्छ । तर पनि मधेसका मानिसहरु अहिले पनि भूमिहीन छन् । भूमिहीनहरु मध्ये मधेसमा दलितहरु सबैभन्दा बढी छन् । भूमिहीन भएका कारण मधेसी पहिचानमा पनि बाधा पुगिरहेको छ । शरद पौडेलले लेखेको तराई मधेस पहचानके संघर्षमे भन्ने पुस्तकमा मधेसका भूमिहीनहरु कित सरकारी ऐलानी  जग्गामा कित जमिन्दारहरुको निगाहमा उनीहरुको दिएको जग्गामा घरजम गरेर बसेको उल्लेख छ । यसैले मधेसको भूमिहीन किसान मजदुरहरु गरिबीको कुचक्रमा पिल्सिएर बस्न मजबुर रहेको उक्त पुस्तकमा उल्लेख गरिएको छ । मालिकको निगाहामा बसिरहेको बस्तीको जग्गा महंगो भएपछि उनीहरुलाई उठी बास लगाउन बस्ती उजाडगर्न गुण्डाहरु पठाउने र कानूनी दाउपेचवाट पुर्खौदेखी बस्दै आएको घर भत्काउनु पर्ने बाध्यता वा कसले कतिखेर आएर भत्काउला भनेर जहिले पनि मानसिक तनाबमा बस्नुपर्ने बाध्यताले मानिसको मानव अधिकार हनन् भइरहेको छ । विराटनगरमा भर्खरै जग्गाधनीले बस्ती खाली गर्न खोजाउँदा झडप भएको र बजारमा नाराजुलुश र पत्रकार सम्मेलन समेत गरेको कुरा हामी सामु जगजाहेर नै छ । यसले सुकुम्बासी भएर बसोबास गर्न बाध्य भएकाहरु जहिले पनि त्रासका कारण सामन्तहरुसंग जतिसुकै अपमान भएर पनि आबश्यकताको सिद्धान्त अनुसार सामाजिक सदभाव कायम गरी बसेका छ । समाजमा भित्र भित्रै आगोको भुस जस्तै विमतीहरु जन्मि रहेको छ । यही कारणले मधेसका मानिसहरुले आत्म सम्मानका लागि मधेस आन्दोलनमा सक्रियतापूर्वक भाग लिएका थिए ।

मधेसी मानव अधिकार संरक्षण केन्द्रद्वारा प्रकाशित तथा जयप्रकाश गुप्ताद्वारा सम्पादित ‘नेपाली मधेसीका समस्या चार विचार’ २०६० फागुणको पुस्तकमा राणा शासनकाल देखिनै मधेसलाई दरवार,राणाहरु तथा शासक बर्गले उपनिवेशको रुपमा उपयोग गर्दै आएको वताइएको छ । पुस्तकमा भनिएको छ – दरवारलाई रिझाउने, राणाहरुको चाकडी पुऱ्याउने तथा उच्च भारदारहरुलाई मधेसको उर्बराभूमि जागीर, विर्ता, बक्सिस, नजराना, बकस दान दाइजो आदिको रुपमा दिइदै आएको हो । वि.सं. २०२४ सालमा भूमिसुधार लागू भएपछि विभिन्न जिल्लाहरुमा निस्केका जग्गाहरु मधेसका मानिसहरुलाई नदिएर पहाडी मूलका मानिसहरुलाई दिइएको कुरा उल्लेख छ । विराटनगरको जग्गा पनि त्यस्तै सरकारी जागिरे हुँदा पाएको जग्गाहरु मध्येका हुन जसले सुकुम्बासीलाई जतिसुकै मिहिनेत गरेपनि एउटा घडेरी किन्ने पैसा जम्मा गर्न सकेका छैनन् र जग्गावालहरुले झनझन मूल्य बढाइरहेका छन्  । अब आफै  घडेरी किनेर

घरजम गर्न सकिदैन भनी निरास भइरहेका सुकुम्बासी र डेरामा बसोबास गरिरहेका नियमित रुपमा नोकरी वा व्यवसाय गरी जीवन निर्वाह गरिरहेका विराटनगरका एक सय परिवारको लागि लुमन्तीले न्युनतम खर्चमा न्यूनतम व्याजमा स्थानीय बैंक र विराटनगर उपमहानगर पालिका संग सहकार्य गरी आबाज योजना ल्याएको छ । डेरामा बस्दा घरधनीको हेपाई र भनाई सुनेर दिक्क हुनुभएका र सुकुम्बासीका रुपमा झोपडीमा बस्न बाध्य हुनु भएकाहरु मध्ये उपमहानगरपालिका वडा नं ११, १६ र १८ का सय जनालाई घडेरी सहित घर बनाउने योजनामा सरिक हुन चाहनेहरुको लागि सुवर्ण अबसर छ । लुमन्तीले यस अघि पोखरामा थालेको यस्तै योजनाको अबलोकन गर्ने अबसर प्राप्त भएको थियो । त्यहाँ घर बनाइरहनु भएको नागरिकहरुको विचारहरु सुन्दा डेराबाल भएर कहिल्यै बस्न नपरोस भन्ने थियो । आफ्नो घर नहुँदा मानिसले हेर्ने दृष्टिकोण पनि नकारात्मक भएको महसुस उनीहरुले गरेका थिए । आत्मसम्मानका लागि आबस अपरिहार्य छ ।

अन्तरिम संविधानको धारा ३३ को 'झ' लाई कार्यान्वयन गर्न ऐनको आबश्यकता भएकोले सरकारले २०६४सालमा 'सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई बसोबासको व्यवस्था गर्न बनेको ऐन – २०६४' बनाउन चाहेको थियो । भूमिसम्बन्धी पहिलेका ऐन नियमहरु भन्दा यो विशेष गरी सुकुम्बासी र अव्यस्थित बसोबास गर्नेहरुमाथी केन्द्रित रहेको र यसमा पहिले पहिले जस्तो अव्यबस्थित जग्गाहरु पनि व्यवस्थित गर्ने काम झुण्डाई दिएको छैन । जसले गर्दा यसका लागि बनेका समितिहरु बसोबास प्रतिमात्र केन्द्रित हुन बाध्य हुनेछन् । पहिलेका सुकुम्बासी समस्या समाधान आयोगहरु अव्यवस्थित जग्गाको लालपुर्जा दिलाईदिंदा बढी कमिशन आउने भएकाले त्यस्ता जग्गाको काम गर्नमा नै आफ्नो सम्पूर्ण कार्यकाल बिताउने गरेका थिए र सुकुम्बासीहरुले दिएका निवेदनहरु जस्ताको जस्तै रहने वा उनीहरुको कुरै सुनबाही नहुने परम्परा थियो ।

हुनत, नेपाल सरकारले २०६० भदौ २२ गतेको राजपत्रमा प्रकाशित गरेको सूचनाको आधारमा सुकुम्बासी,भूमिहीनहरुको लागि जग्गा दर्ता गर्नको लागि निवेदन सम्बन्धित मालपोत तथा भूमिसुधार कार्यालयहरुमा हजारौंको संख्यामा दर्ता पनि भएका थिए । तर कार्यान्वयनको पक्ष भने फितलो छ ।

**भूमिहीनहरुले राखेका प्रमुख मागहरु निम्न छन् :**

१) पुस्तौ देखि जमिन जोत्दै आएका वेदर्तावाल मोही किसानहरुलाई जोत भोगको आधारमा मोहियानीहक कायम गरियोस ।

२) बास्तविक खेतीमा आधारित भूमिहीनहरुके पहिचान गरी बास र खेतीको लागि आबश्यक जग्गा उपलब्ध गराइयोस ।

३) ऐलानी, पर्ती गाउँ ब्लक जग्गामा पुस्तैंदेखि बसोबास गर्दै आएका सम्बन्धित निकायमा निवेदन दिने म्याद संधैको लागि खुल्ला गरियोस ।

४) जनमूखी भूमि सुधार लागु गरियोस ।

५) जग्गा जोत्नेको नाउँमा दर्ता गरियोस ।

६) ४ विघा जग्गामा हदबन्दी कायम गरियोस ।

(स्रोत : भूमिअधिकारकर्मीहरुले तत्कालिन भूमिसुधार मंत्री प्रभुनारायण चौधरी समक्ष लहानमा प्रस्तुत ज्ञापन पत्रको आधारमा । )

**सुकुम्बासीका लागि भएका पछिल्ला प्रयास :**

पछिल्लो पटक नेकपा माओवादीले तयार गरेको साझा न्यूनतम कार्यक्रमा 'क्रान्तिकारी भूमिसुधार लागू गरी कृषिमा सामन्ती भूस्वामित्वको अन्त्य गरिनेछ । समग्र भूउपयोग नीति लागू गर्दै जमिनमा भूमिहीन किसानको पहुँच कायम गरिनेछ । सहकारी क्षेत्रको विकासमा जोड दिइनेछ । कृषि मजदुर,मुक्त कमैया र भूमिहीन,सुकुम्बासी जनताको आर्थिक र सामाजिक उत्थानका लागि विशेष ध्यान दिइनेछ । कृषि क्षेत्रको विकास र औद्योगिकीकरणलाई उच्च प्राथमिकता दिँदै दीर्घकालीन कृषि योजनको कार्यान्वयन गरिनेछ । भूसूचना प्रणालीको आधारमा पिछडिएका क्षेत्र र समुदायमा राज्यले बढी लगानी गर्नेछ ।' भन्ने उल्लेख छ ।

त्यसैगरी मधेसवादी दल तराई मधेस लोकतान्त्रिक पार्टीको घोषणापत्रमा भूमिहीनको सवाल कतै उठाईएको छैन । उसले कृषिलाई व्यवस्थित गर्न भूमिको चक्लाबन्दी गर्दै सहकारी खेतीलाई प्रोत्साहन दिने कुरा उल्लेख गरेको छ । तर, यसले भूमिहीनहरुलाई कुनै फाईदा हुदैन । तर मधेसी जनअधिकार फोरमले मधेसीको अन्य मूल समस्या भनेर भूमिहीनताको अन्त्य र न्यायपूर्ण भूमि व्यवस्था हुनु पर्ने कुरा घोषणा पत्रमा उठाएको छ । जनमोर्चा नेपालले आफ्नो घोषणा पत्रमा 'जसको जोत उसको पोतको आधारमा क्रान्तिकारी भूमिसुधार गरिनेछ । राजा, राजपरिवार, ठूला जमिन्दार, गुठी, विर्ता वा कसैको पनि हदबन्दीभन्दा बढीको जमिन क्षतिपूर्ति र हद बन्दीभन्दा कम जमिन भएका अनुपस्थिति भूस्वामीको जमिन क्षतिपूर्ति सहित राष्ट्रिय करण गरी सुकुम्बासी, कमैया, हरुवा, चरुवा, आदिलाई उत्पीडित जाति, बर्गको प्राथमिकताको क्रममा वितरण गरिनेछ । निजी स्वामित्व वा संघसंस्थाको स्वामित्वको जमिन समेत बाँझो राख्न नपाइने गरी भूमि कानून बनाइनेछ ।'उनी उल्लेख गरेको छ ।

दलित जनजाति पार्टीको घोषणापत्रमा 'भूमि र सम्पत्ति माथिको असमान स्वामित्वको अन्त्य गरी ४ विघाको हदबन्दी तथा विपन्न सुकुम्बासीहरुका लागि अनिवार्यरुपमा कम्तिमा १ विघा र ५ कठ्ठा घडेरी व्यवस्था र स्थायी आधिकारिकता प्रदान ।' गरिने उल्लेख छ । त्यसैगरी पुरानो चारकोसे झाडीलाई आफ्नो क्षेत्र मान्ने चुरेभावर राष्ट्रिय एकता पार्टी नेपालले संविधानसभाको घोषणा पत्रमा भूमिहीनहरुको वारेमा एक शब्दपनि खर्च गरेको छैन ।

घोषणा पत्रमा जे लेखे पनि त्यो अनुसार नगर्ने प्रबृत्ति बोकेका सत्तामा पुग्दा समेत घोषणा पत्र अनुसारको काम नगरेका बाट विराटनगरका सुकुम्बासीहरुले के आशा गर्नु ? दिएको आशा पुरा नगरेकै कारण मोरङको दोस्रो संविधानसभाको निर्वाचनमा पुरानो बर्चस्व राख्न सकेनन् ।

**सुकुम्बासी समस्या समाधानका उपायहरु :**

राजनीतिक उतार चढावका कारण पनि सही सुकुम्बासीहरु ओझेलमा परिरहेका छन् । समग्रमा हेर्दा तराईमा मधेसी जनअधिकार फोरम र माओवादी मिलेर सुकुम्बासी समस्या समाधान गर्न चाहे सफल हुन सक्थे तर त्यो गरेनन् । भर्खरै सत्तामा पुगेको नेपाली कांग्रेस र एमालेले सरकारको नयाँ कार्यनीति बनाउन सरसल्लाह गरिरहेको अबस्थामा भइरहेको यो छलफलमा सहभागिहरुवाट आएको सुझावलाई सरकार सम्म लाने काम गर्न सकियो र सरकारको नयाँ नीति भित्र आबासका केही सकारात्मक कुराहरु हाल्न सकियो भने देशकै सुकुम्बासीको लागि ठूलो अबसर हुने छ । राज्य र राजनैतिक दलले चाहेमा यो समस्या समाधान हुन सक्छ । तर राजनैतिक शक्ति नलागी सुकुम्बासी समस्या समाधान हुन सक्दैन ।

सुकुम्बासी समस्या समाधान गर्न सबैभन्दा पहिले अहिलेको संविधानसभामा प्रतिनिधित्व गर्न पाएका राजनैतिक पार्टीहरुले साझा कार्यक्रम बनाएर कार्यान्वय गर्न शक्ति शाली समिति बनाउनु पर्‍यो । त्यो समितिले सुकुम्बासीहरुले हालेका पुराना निवेदनहरुको खोजी गरी त्यसलाई प्रकृयामा ल्याई छिनोफानो गर्नु पर्‍यो । त्यसलाई प्रकृयामा ल्याउँदा जग्गा धनिपूर्जा नभएकाहरुले धनीपूर्जा पाउलान । तर त्यो पुर्जा पाउनु मात्र समस्याको समाधान होइन ।

नेपाल सरकारले सुकुम्बासीहरुको उत्थानका लागि एउटा कोषको व्यवस्था गर्नुपर्दछ । उक्त कोषले सुकुम्बासी भएर सरकारवाट जग्गा पाउनेहरुलाई आयआर्जनका लागि लघुकर्जा दिने, सीप सिकाउन र विभिन्न किसिमको तालिमहरुमा सहभागी गराई  आय आर्जन गर्न सक्ने बनाउने नीति तयार गर्न सक्नुपर्दछ ।

नेपालको सबै जग्गा राष्ट्रियकरण गरी सबै नागरिकलाई बरावरी बाँडे भने दश वा बीस बर्ष पछि फेरी मिहिनेत गर्नेले धन कमाएर जग्गा जोडछ र मिहिनेत नगर्नेले त्यही जग्गा बेचेर मोजमस्ती गर्छ भन्ने तर्क दिने पनि यही नेपालमा छन् । त्यसैले भूमि समस्या कहिल्यै समाधान नहुने समस्या हो पनि भन्ने गर्दछन् । तर भूमिको साथसाथै अन्य आज आर्जनका अबसरहरुलाई पनि एउटै प्याकेजको रुपमा लाने हो भने भूमि समस्या समाधान हुन सक्छ । त्यसैले सुकुम्बासीलाई भुमि दिनु मात्र अब ठूलो कुरा मान्नु हुन्न । उनीहरुले पाएको भूमिमा बाटो,सिंचाई,खानेपानी,विजुलीको पूर्वाधार राज्यले बनाइ दिनुपर्दछ । भूमिहीनहरुलाई बसोबास गर्न दिएको बस्तीमा शिक्षा, स्वास्थ्यको व्यवस्था पुऱ्याउने र उनीहरुलाई रोजगारीको व्यवस्था मिलाइ दिए भने मात्र सदाका लागि भूमिहीनहरुको समस्या समाधान हुन सक्छ । बसोवास, बाटो, सिंचाई, स्वास्थ्य, खानेपानी, शिक्षा, रोजगारी सबै मानवअधिकारका आधारभूत आबश्यकताहरु पनि हुन । यो पुरा गर्ने दायित्व राज्यको नै हुन्छ । त्यसैले यो गर्नु राज्यको कर्तब्य हो । यसको लागि माग गरिराख्नु नै पर्दैन ।

सरकारले धेरै पटक कानून बनाउँछ, कार्यान्वयनका लागि समितिहरु पनि बनाउँछ ।  तर त्यसलाई कार्यान्वयन गर्न आउनेहरु धनको लोभमा फसेर गरिव निमुखाको काम नगरिदिंदा भूमिहीनहरुको समस्या झन् झन बढेको हो । अबका दिनमा सुकुम्बासी समस्या समाधान गर्न बन्ने आयोग वा समितिहरुलाई अव्यवस्थित जग्गा व्यवस्थित गर्ने जिम्मा लगाउन हुदैन । उनीहरुलाई सुकुम्बासीहरुलाई जग्गा वितरण गर्ने कामको मात्र जिम्मेवारी दिनुपर्दछ ।

सबैभन्दा ठूलो हो, नैतिकता र प्रतिवद्धता  । राज्य र समितिमा बस्नेहरुमा प्रतिवद्धता र नैतिकता भयो भने धेरै समस्याहरु आफै हटनेछ । परिवर्तित नेपालमा कोही पनि सुकुम्बासी नरहुन भन्नका लागि सबै पक्ष सक्रिय हुनु पर्दछ । सबै सुकुम्बासीलाई वितरण गर्न जग्गाको आबश्यकता पर्दछ । र हदबन्दीमा तोकिएकोलाई राज्यले अझै कम गर्ने र अहिले पनि हदबन्दी भन्दा बढी भएको जग्गा सरकारी करण गर्न स्थानीय समाजले राज्यलाई सहयोग गर्नुपर्दछ । एक मधेसी महिला पत्रकारले प्रत्येक ५ विघा जग्गा भएका किसानले सुकुम्बासी समस्या समाधान गर्न राज्यलाई एक कठ्ठा जग्गा दान दिए भने यसले पनि धेरै सुकुम्बासीहरुले बस्ने जग्गा पाउने थिए भनी तर्क दिएकी छिन् जुन मननयोग्य छ । यसवाट के भन्न सकिन्छ भने राज्यले मात्र होइन जग्गा धनीहरुले पनि सुकुम्बासी समस्या हाम्रै समस्या हो भन्ने सोचेर त्यसको समाधानको लागि सरकारलाई सक्दो सहयोग गर्नु पर्दछ ।

आफ्नो घर जग्गा हुँदा हुदै पनि सुकुम्बासीको नाममा जग्गा खोज्दै हिडने केही मानिसको प्रबृत्तिले बास्तविक सुकुम्बासीहरु बढी मार्कामा परेका छन् । यसलाई रोक्नु पनि उत्तिकै आबश्यक छ । नयाँ ऐनमा त्यस्ता व्यक्तिलाई अव्यबस्थित बसोबासी भनेर उनीहरुले सरकारवाट जग्गा लिईसकेपछि देशभरी जुनसुकै स्थानमा पनि उनीहरुको नाममा अन्य जग्गा छ भने त्यो स्वत : राज्यको हुनेछ भनी व्यवस्था गरिनुले यस्ता समस्याहरु धेरै हटेर जानेछन् ।

उद्योग, बगैंचाका नाममा राखिएका जग्गाहरु प्रयोगमा नआएपछि सरकारले लिएर त्यस्ता जग्गाहरुलाई बसोबासको योजना बनाएर सुकुम्बासीहरुलाई वितरण गर्नु पर्दछ । खोलाको छेऊमा सुकुम्बासीलाई बसाउनु हुन्न । उनीहरुलाई सबै मानवीय सुविधा प्राप्त हुने भौतिक पूर्वाधार तयार गरेर बस्ती बसाउनु राम्रो हुन्छ ।

**सन्दर्भग्रन्थहरु :**

१) पहिलो संविधानसभा निर्वाचनका लागि विभिन्न पार्टीले तयार पारेका घोषणा पत्रहरु ।

२) जगत बस्नेतद्वारा लिखित कार्यपत्र 'सामाजिक न्याय र गरिबी निवारणका लागि भूमि अधिकार' ।

३) सुकुम्बासी र अव्यबस्थित बसोबासीलाई बसोबासको व्यवस्था गर्न बनेको ऐन– २०६४

४) राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालको संगठनात्मक निर्देशिका ।

५) अभियान नेपाल र एक्शन एड नेपालले प्रकाशन गरेको भूमि अधिकार अभियान सहयोगी पुस्तिका ।

६) दिनमणि पोखरेलले लेख्नु भएको कार्यपत्र 'नेपालमा भूमि व्यवस्थापनका चुनौती र अबसरहरु' ।

७) विभिन्न राजनैतिक पार्टीले संविधानसभाको लागि तयार पारेको घोषणापत्रहरु ।

८) जयप्रकाश गुप्ताले लेख्नु भएको मधेस सम्बन्धि पुस्तकहरु ।

९) शरद पौडेलले लेखेको पुस्तक 'तराई मधेस पहचानके संकट मे'।